ऐन सङ्ख्याः १

# आर्थिक ऐन, २०७४

(दोस्रो गाउँसभा बाट संशोधित २०७५)

गाउँ सभाबाट पारित मितिः २०७४\०६\०२

**मिक्वाखोला गाउँपालिका**

ताप्लेजुङ, नेपाल

२०७४

## मिक्वाखोला गाउँपालिकाको आर्थिक ऐन २०७४ माथि संशोधन गर्न बनेको विधेयक २०७५

गाउँसभामा पेश मितिः२०७५\०३\३०

**प्रस्तावनाः** मिक्वाखोला गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मिक्वाखोला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।
   (२) यो ऐन २०७४ साल असोज ३ गते देखि मिक्वाखोला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र आयकर ऐन बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** *

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा कार्यविधि बनाई घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा कार्यविधि बनाई व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कार्यविधि बनाई कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा कार्यविधि बनाई सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा कार्यविधि बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

***भूमि कर (मालपोत):** प्रथम संशोधन २०७५ मा खारेज गरिएको छ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा कार्यविधि बनाई व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका संरचनामा कार्यविधि बनाई बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत सडक सञ्जाल विस्तार भएपश्चात कार्यविधि बनाई पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत कार्यविधि बनाई शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका देहायमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट देहायमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

| सेवाको किसिम | शुल्क तथा दस्तुर (रु.) |
|---|---|
| सिफारिस | १०० |
| नाता प्रमाणित सिफारिस | १०० |
| जन्म मिति सिफारिस | १०० |
| जन्म दर्ता | १०० |
| विवाह दर्ता | २०० |
| मृत्यु दर्ता | १०० |
| सम्बन्ध विच्छेद | १००० |
| बसाई सराई | ५०० |
| विवाहित तथा अविवाहित सिफारिस | ५०० |
| अंग्रेजी माध्यमबाट सिफारिस तथा प्रमाणित | ३०० |

| | |
|---|---|
| घर पाताल प्रमाणित | १०० |
| घर बाटो सिफारिस | १०० |
| व्यक्तिगत विवरण प्रमाणित | १०० |
| अंग्रेजीमा नाता प्रमाणित | ३०० |
| हकवाला वा हकदार प्रमाणित | ३०० |
| संरक्षक प्रमाणित | ५० |
| कागज वा मन्जुरीनामा प्रमाणित | १०० |
| विपन्नता सिफारिस | निशुल्क |
| आर्थिक अवस्था सिफारिस | १०० |
| नागरिकता सिफारिस | १०० |
| नागरिकता प्रतिलिपि सिफारिस | २०० |
| सर्जमिन मुचुल्का प्रमाणित | ३५० |
| मोही लगत कट्टाको सिफारिस | १५० |
| व्यवसाय बन्द भएको सिफारिस | २०० |
| मिलापत्र कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | ५० |
| मिलापत्र कागज (न्यायिक समिति बाट ) | ५०० |
| निशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क |
| पूर्जामा घर कायम गर्ने सिफारिस | २०० |

| | |
|---|---|
| फरक नाम, थर, जन्ममिति प्रमाणित तथा दुबै नाम गरेको व्यक्ति हो भन्ने सिफारिस | २०० |
| नाम, थर, जन्ममिति संशोधनको सिफारिस | ५० |
| जग्गा धनीपूर्जा हराएको सिफारिस | १०० |
| कित्ताकाट सिफारिस | १०० |
| नामसारी सिफारिस | ३०० |
| जग्गा हक सम्बन्धमा सिफारिस | ५०० |
| नाता प्रमाणित | २०० |
| उद्योग दर्ता सिफारिस | १००० |
| उद्योग ठाउँसारी सिफारिस | ५०० |
| जीवित रहेको सिफारिस | १०० |
| नीजि विद्यालय खोल्ने सिफारिस | १००० |
| सामुदायिक विद्यालय खोल्ने सिफारिस | १०० |
| विद्यालय कक्षा थप सिफारिस | २०० |
| विद्यालय ठाउँसारी सिफारिस | ५०० |
| पालन पोषण सिफारिस | ५० |
| वैवाहिक अंङ्किकृत सिफारिस | ५०० |
| धारा तथा विद्युत जडान सिफारिस | १०० |
| उपभोक्ता समिति दर्ता | १००० |

| | |
|---|---|
| उपभोक्ता समिति नविकरण | ५०० |
| गाउँपालिकाबाट गरिने अन्य सिफारिस | ५०० |

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट कार्यविधि बनाई पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अध्यक्षबाट प्रमाणीकरण मितिः २०७५\०३\३०